**सिभिल बैंक लिमिटेडको**
तेश्रो वार्षिक साधारण सभाको
**काम कारवाहीको विवरण (माईन्युट)**

### १. प्रारम्भिक :-

सिभिल बैंक लिमिटेडको मिति २०७० साल मंसीर ३० गते बसेको संचालक समितिको १३७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिको अध्यक्ष श्री ई. इच्छा राज तामाङ्गज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल र निर्णय भई देहाय बमोजिम बैंकको तेश्रो वार्षिक साधारण सभा सम्पन्न भयो ।

### २. सभाको मिति, समय र स्थान :-

**मिति :** २०७० पौष महिना २३ गते (तदनुसार जनवरी ७, २०१४) मंगलबार ।
**समय :** बिहान ११:०० बजे ।
**स्थान :** नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।

### ३. सभाको सूचना :-

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बैंकको तेश्रो वार्षिक साधारण सभाको सूचना सहित सभामा छलफल हुने विषयबस्तुहरु समेत उल्लेख गरी मिति २०७०/०९/०३ गते प्रथम पटक र मिति २०७०/०९/०७ गते दोश्रो पटक क्रमश: नयाँ पत्रिका राष्ट्रिय दैनिक र कारोबार राष्ट्रिय आर्थिक दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त कम्पनी ऐन, २०६३ को दफा ८४ को उपदफा (१), (२) र (३) बमोजिमको प्रक्रिया पुरा गरी शेयरधनी महानुभावहरुलाई संक्षिप्त वार्षिक आर्थिक विवरण पठाइएको थियो । त्यस्तै गरी साधारण सभासम्बन्धी जानकारी, आ.व. २०६९/०७० को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारीको लागि बैंकको वेभसाईट www.civilbank.com.np मा प्रकासित गरिएको र बैंकको शेयर रजिष्ट्रार, केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुबाट शेयरधनीहरुलाई वितरण गर्ने व्यवस्था गरिएको थियो ।

### ४. उपस्थिति :-

**(क) संचालकको उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| १. | श्री ई. इच्छा राज तामाङ्ग | - | अध्यक्ष |
| २. | श्री अम्वीर वोगटी | - | संचालक |
| ३. | श्री प्रकाश तायल | - | संचालक |
| ४. | श्री त्रिमीर महर्जन | - | संचालक |
| ५. | सुश्री जुनी गुरुङ्ग | - | संचालक |

**(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-**

| | | | |
|---|---|---|---|
| १. | श्री किशोर महर्जन | - | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गोविन्द गुरुङ्ग | - | वरिष्ठ कार्यकारी अधिकृत |
| ३. | श्री सर्वेन्द्र मिश्र | - | प्रमुख संचालन अधिकृत |
| ४. | श्री श्याम कार्की | - | लेखापरीक्षक |
| ५. | श्री सावित्री बेलबासे | - | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| ६. | श्री अम्विका प्रसाद गिरी | - | प्रतिनिधि, नेपाल धितोपत्र बोर्ड |
| ७. | श्री डिल्लीराम श्रेष्ठ | - | कम्पनी सचिव |

**(ग) शेयरधनीको उपस्थिति :-**

| | | |
|---|---|---|
| स्वयं उपस्थित | - | ९५९ जना |
| प्रतिनिधी मार्फत | - | १९०६ जना |

**५. सभामा प्रस्तुत छलफलका विषयहरू :-**

**(क) सामान्य प्रस्तावहरु:**

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन २०६९/०७० उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७० आषाढ मसान्तसम्मको वासलात, मिति २०६९/०४/०१ देखि २०७०/०३/३१ गते सम्मको नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पुँजीको ५.७५ प्रतिशतले हुन आउने रु.११,५०,००,०००/- शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ दफा १११ अनुसार आर्थिक वर्ष २०७०/०७१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. बैंकको नियमावली अनुसार सर्वसाधारण शेयरधनी समुह "ख" को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद संख्या ३ (तीन) को निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. बैंकमा अर्को बैंक तथा वित्तीय संस्था गाभ्ने वा बैंकलाई अर्को बैंक तथा वित्तीय संस्थासंग गाभ्ने वा विदेशी बैंक तथा वित्तीय संस्थासंग संयुक्त लगानी (Joint Venture) गरी बैंक संचालन गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :** विविध प्रस्ताव अन्तरगत कुनै प्रस्तावहरु नभएको ।

**६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-**

| शेयर तथा शेयरधनी | जम्मा शेयर कित्ता | स्वयं उपस्थित | प्रतिनिधि मार्फत | जम्मा उपस्थित | प्रतिशतमा |
|---|---|---|---|---|---|
| **शेयर** | २०००००००० | ६४,३३,६७८ | ३७,६४,१५५ | १,०१,९७,८३३ | ५०.९८% |
| **शेयरधनी** | ५०७५५ | ९५९ | १९०६ | २८६५ | |

**७. सभापतीज्यूको आसन ग्रहण :-**

बैंकको तेश्रो वार्षिक साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र बैंकको नियमावलीको नियम १९ (२) बमोजिम संचालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व गर्ने प्रावधान अनुरुप यस बैंकका संचालक समितिका अध्यक्ष श्री ई. इच्छा राज तामाङ्गज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । साथै सम्पूर्ण सञ्चालकज्यूहरु, आमन्त्रित पर्यवेक्षकज्यूहरु तथा बैंकका पदाधिकारीहरुबाट आसन ग्रहण गर्ने कार्य भयो ।

**८. बैंकको बारेमा जानकारी :**

औपचारिक रुपमा सभाको काम कारवाही शुरु हुनु अघि बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किशोर महर्जनज्यूले शेयरधनी महानुभावहरुलाई बैंकको वर्तमान अवस्थाको बारेमा जानकारी गराउँदै बैंकको तेश्रो वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुलाई स्वागत मन्तव्य राख्नु भयो ।

**९. सभाको कारवाही र वैधानिकता :-**

सभाको औपचारिकतामा प्रवेश गर्दै कम्पनी सचिव श्री डिल्लीराम श्रेष्ठले आजको तेश्रो वार्षिक साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा सिभिल बैंक लिमिटेडको नियमावलीको नियम २३ ले गरेको कानूनी प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयर संख्या आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेको र कम्पनी ऐन अनुसार सभा बैधानिक भएको जानकारी गराउँदै सभामा छलफल हुने विषयबस्तुहरु पढेर सुनाउनु भयो । तत्पश्चात् कम्पनी सचिवले सभा संचालनको लागि सभाका सभापति श्री ई. इच्छा राज तामाङ्गज्यूलाई अनुरोध गर्नु भयो ।

**१०. तेश्रो वार्षिक प्रतिवेदन प्रस्तुति :-**

सभाका सभापति श्री ई. इच्छा राज तामाङ्गज्यूले सभा समक्ष समिक्षा अवधिमा बैंकको वित्तीय झलक, निक्षेप परिचालन, कर्जा तथा कर्जा व्यवस्थापन, लगानी, मानव संसाधन व्यवस्थापन, शाखा विस्तार, संस्थागत सुशासन, संस्थागत सामाजिक उत्तरदायित्व, कार्ड तथा एटिएम, विप्रेषण कारोबार, प्रविधि सेवा, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिले बैंकिङ्ग क्षेत्रमा पारेको

प्रभाव आदि विषयमा तयार पारिएको वार्षिक प्रतिवेदन तथा कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिमको प्रतिवेदन सभामा प्रस्तुत गर्दै बैंकलाई प्रगतिको यो अवस्थासम्म ल्याई पुऱ्याउन सहयोग गर्नु हुने शेयरधनीहरु, बैंकका कर्मचारीहरु लगायत सम्बद्ध सवैलाई धन्यवाद् दिनुभयो ।

तत्पश्चात सभापतिज्यूले संचालक समितिको वार्षिक प्रतिवेदन माथि आ-आफ्नो जिज्ञाशा तथा विचार प्रकट गर्नु हुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्नुभयो ।

**११. छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरू :-**

| क्र सं. | नाम थर |
|---|---|
| (क) | भक्ति प्रसाद उप्रेती |
| (ख) | व्यास कुमार शर्मा |
| (ग) | उद्धब प्रसाद घिमिरे |
| (घ) | डा. सुन्दर लाल श्रेष्ठ |
| (ङ) | अमृत नाथ रेग्मी |
| (च) | डम्मरु बल्लभ घिमिरे |
| (छ) | माधव कुमार श्रेष्ठ |
| (ज) | अच्युत राज शर्मा |
| (झ) | नरसिंहलाल चखु |
| (ञ) | शिव प्रसाद शर्मा |
| (ट) | इश्वर दाश कर्माचार्य |
| (ठ) | रोज कुमार श्रेष्ठ |
| (ड) | मेजर कुबेर श्रेष्ठ |
| (ढ) | कृष्ण प्रसाद अधिकारी |
| (ण) | नारायण सुन्दर श्रेष्ठ |

**छलफलमा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, राय तथा सुझावहरुको मुलभूत आशयहरु निम्न बमोजिम रहेकाछन् :-**

**(क) भक्तिप्रसाद उप्रेती :**

पुष २७ गतेको राष्ट्रिय एकता दिवसको शुभकामना दिदै सभा शुरु हुन ढिला भएकोमा अध्यक्षले माफ माग्नु पर्ने, वार्षिक प्रतिवेदन छाप्दा पछाडी एकपाना टिपोटको लागी राख्ने चलन छ, त्यो देखिएन आगामी वर्षबाट त्यो राखियोस् । पहिलो वर्षमानै ५.७५ प्रतिशतले लाभांश दिनु राम्रो हो । आगामी वर्ष अझ वढाउनु पऱ्यो । अरुले मर्जरको कुरा बजारमा हल्ला पिटाउदै गर्दैछन् भने हामी चुपचाप रुपमा अगाडि बड्दै छौं । अब तीन महिनामा टुंगिने कुरा गर्नु भएको छ । बैंकको लेखापरीक्षण खर्च ठुला डिपोजिट र लगानी भएका वैकको जस्तो भयो । शुशासन भित्र मितव्ययिता पनि पर्दछ त्यो मितव्ययिता तर्फ पनि ध्यान दिनु पऱ्यो । प्रमुख सुचकांक अनुसूची ४.३१ मा भएको वुक नेटवर्थ को सट्टा कुल नेटवर्थ हुनु पर्ने यसलाई सच्याउनु पर्छ ।

**(ख) व्यास कुमार श्रेष्ठ :**

आज तेश्रो वर्षको साधारण सभा हो र IPO को पहिलो वर्षमै ५.७५ प्रतिशतले लाभांश प्राप्त गर्दा शेयरको Face Value झण्डै दोब्बर भैसकेको अवस्था हुँदा म पूर्णतया सन्तुष्ट छु । कुनै पनि वित्तीय संस्थाको लागि ५ वर्ष पुरा नगरेसम्म Financial fact and Figure को Critical Analysis गर्नु पर्ने आवश्यकता र औचित्य हुँदैन । पोर्टफोलियो पनि तीन वर्षको दौरानमा राम्ररी बढाउनु भएको छ । Business को Volume पनि उल्लेख्य रुपमा वढाउनु भएको छ । साधनहरुको संकलन मात्र नभएर श्रोतको परिचालनमा पनि तपाईहरुले राम्रो फड्को मार्नु भएको छ । ग्रोथको दृष्टिकोणबाट पनि बैंकले एक वर्षको अवधिमा झण्डै साढे सात अर्बले उल्लेख्य रुपमा बढाउन सक्नु भएकोमा प्रमुख कार्यकारी अधिकृत बैंकका इमान्दार र लगनशील कर्मचारी र संचालक समितिलाई धन्यवाद । Income Statement अन्तरगत ब्याज आम्दानी तथा खुद आम्दानी अन्य सवै ब्याज आम्दानीका शिर्षकहरु बढाउन सफल हुनु भएको र Net profit बडाई झण्डै १० करोड पुऱ्याउन सफल

हुनु भएकोले सवै वित्तीय परिसूचकहरुले यहाँहरु सहि दिशामा अगाडि बड्दै गरेको पुष्टि हुन्छ । यसको लागि बैंक प्रशंसनीय छ । राम्रो हुँदा हुँदै पनि Provision को Amount बढ्दै गएकोले कर्जा तथा Asset को Quality सुधार गर्न समयमानै सचेत हुनु पर्छ । तपाईहरुसंग मर्जरको राम्रो विकल्प छ, धन्यबाद दिन चाहान्छु । आगामी दिनमा ५ अर्वको टार्गेट सोचेर स्टक, बोनस र लाभांशको नीति निश्चित गरी र बैंकलाई ५ अर्वको चुक्ता पूँजी भएको बैंक बनाउनु पर्दछ । Resource & Surplus हरु झण्डै ३ करोड नाघेर ४ करोड पुग्न लागेको छ । यसलाई बढाउने अन्य कुनै विकल्प छैन । यसको लागि नाफाका स्तरलाई बढाएर लानु पर्छ परिणाम मात्र बढाएर हुँदैन । जसको लागि Non funded Business लाई राम्रो जोड दिनु पऱ्यो । मर्जर पछि कर्मचारी लगायत विभिन्न समस्या आउने हुँदा वेलैमा विचार गर्नुहोस् । संस्थागत सुशासन प्रति यहाँहरुले ग्यारेन्टी गर्नु भएकोमा धन्यवाद । Internal Control प्रति विचार पुऱ्याउनु पर्दछ ।

**(ग) उद्धव प्रसाद घिमिरे :**

शेयरधनीलाई पहिलो वर्षमा नै ५.७५ प्रतिशत दिनु राम्रो कुरा भयो । अर्को वर्ष दुई अंकमा दिने तर्फ लाग्नु पऱ्यो । त्यो पनि वोनस भएमा राम्रो हुने थियो । नामले पनि सिभिल र कामले पनि सिभिल, Thinking Forward, Moving Forward अत्यन्तै राम्रो छ । बैंक म्यानेजमेन्ट र संचालक समिति अगाडि बढ्नुस् हामी सिभिल पछि छौं । Equity Position राम्रो छ । (क) (ख) र (ग) वर्गको बैंक तथा वित्तीय संस्थाहरु मर्ज हुँदैछ । यस सम्बन्धमा Swap Ratio के कस्तो रहन्छ अध्यक्षज्यूले जानकारी दिएमा राम्रो हुने थियो । Total Asset र Total Liability लगायतका Financial Indicators सवै कुरा राम्रा छन् । संचालकहरुको भत्ता अन्य बैंक तथा वित्तीय संस्थाहरुको भन्दा कम नै छ ।

**(घ) डा. सुन्दर लाल श्रेष्ठ :**

तेस्रो वार्षिक साधारण सभा भए पनि Public Shareholder हरुको सहभागी भएको पहिलो साधारण सभा हो । त्यसैले यहाँहरुले धेरै कुराहरु सिक्न बाँकी छ । एक घण्टा ढिलो कार्यक्रम शुरु भयो । यस्ता गल्तीहरु सुधारदै लग्नु पर्छ । प्रति शेयर ७.५७ कमाउनु भएको छ र हामीलाई जती कमाउनु भएको छ त्यतिनै ५.७५ प्रतिशत लाभाशं पहिलो वर्षमा नै दिनु भएको छ त्यो राम्रो हो । प्रगति पनि राम्रो छ लगानी, कर्जा, निक्षेप सबै डबल भएको छ । कुल सम्पत्तिको पनि डबल नै भएको छ, सबै राम्रै प्रगति भएको छ । Non Funded Business मा पनि गत वर्ष भन्दा धेरै छ । सब कुरा राम्रै छ । नोक्सानी खर्चमा जुन ७ करोड राख्नु भएको छ, त्यसबाट Add Back हुन सकेन यो राम्रो देखिएन । अर्को वर्ष कम होस् भन्ने अनुरोध छ । हामीले जति पनि नोक्सानीलाई व्यवस्था गरेका थियौं त्यो फर्काउन सकेको भए राम्रो हुन्थ्यो । फर्निचर पनि किन दुई वर्षमै डिस्पोज गर्नु पऱ्यो कारण बताइदिन हुन अनुरोध गर्दछु । Cost of fund को कुरा गर्दा यो ज्यादा छ । खराब कर्जा त देखिएन तर कमसल कर्जा बढेको देखियो जसले गर्दा NPA बढेको छ । NPL ०.५० % राम्रो हो । अन्त्यमा खर्च गत वर्ष भन्दा बढि देखिएको छ । लेखापरीक्षकको भत्ता र संचालक समितीको भत्ता पनि गत वर्षको भन्दा धेरै छ । खर्च कम गर्नु भनेको नाफा गर्नु नै हो त्यस तर्फ ध्यान जाओस । यस बैंकको संचालक समितिमा महिला हुनु हुदो रहेछ यसमा खुशी लाग्यो ।

**(ङ) अमृत नाथ रेग्मी :**

सर्व प्रथमत Capital Structure Change गरेर Authorised Capital लाई १० अर्व पुऱ्याऔ । जसले हामीलाई अगाडी बढ्न सजिलो पर्दछ । हाम्रो Brand सित Related Area मा Develop गर्दै जाऔं । सिभिल म्युचुअल फण्ड , सिभिल कन्सल्टेन्सी खोलौ र R & D भनि डिभिजन खोल्यौं भने हामीलाई सजिलो पर्ला । अबको अवस्थामा एक जना अडिटरले काम सकाउन सक्दैन Branch Office हेर्ने र Center office हेर्ने कम से कम दुईवटा अडिटर आवश्यक पर्छ । डिम्याट सुरुगरी हालौ जसले गर्दा सजिलो पर्ला । यस्तै आज पास गरेर Dividend बाडिए पछि Unpaid Dividend को बारे विचार गर्नु पर्ला । यस्तै हेभि इन्भेष्टमेण्ट IT मा गर्दा Storage Management र Disaster Management बारेमा समयमा नै विचार पुऱ्याऔं । सिभिल च्यारिटि शुरु गरौं । अव अर्को वर्षको Target ५० करोड Net Profit गर्ने तर्फ ध्यान दिऔं । छिटपुट लगानी र छिटपुट ऋण भुक्तानीको जुन Indication गर्नुभयो त्यो Indication नगर्नु पर्ला जस्तो लाग्दछ । ब्रान्च किनेर पनि Expansion गर्न सकिन्छ । कसैले ब्रान्च बेच्छ भने हामी किनौं । जसले हामीलाई काठमाडौंमा बस्न सजिलो होला । यस्तै ब्रान्चको Strategy मा बेनी वा बुढी गण्डकी नजिकैको एरियालाई हेऱ्यो भने अलिकति सजिलो पर्ला । ग्रिनरीको Field मा नाम कमाएको शक्ति तिर जान सकियो भने सजिलो पर्ला । SLR बढाउन ढोका सधैं खोलौं । दुईवटा सँग मात्र होइन अरु पनि आउछन् भने मुगलिङको नारायणी बनौ , बेत्रावतिको नारायणी नबनौ, देवघाटको पुरै नारायणी बनौ काली र त्रिशुली मिलेको नायारणी पटि पनि रणनीति लिनु पर्ला त्यस्को लागि हुन्छ भने International Banking सँस्थाहरुलाई लिएर आउनु होस, नायारणी बन्नुस् काली र त्रिशुलीमा मात्र नबस्नुस् ।

**(च) डमरु वल्लभ घिमिरे :**

बैंक साढे दुई वर्षको अवधिमा Public मा गएर ५/ ६ महिना मै ५.७५ % लाभांश दिनु शुभ लक्षण हो यसलाई निरन्तरता दिनुपर्छ । यो लक्षणले निरन्तरता पाउनु पर्छ । यसको लागि बैंक परिवारलाई धन्यवाद् । सिभिल बैंकको बजारमा भएको गुडविल कायम राख्न सकोस् । मर्जरमा जाँदा ध्यान दिइयोस् । सिभिल बैंकसँग मर्ज हुन लागेका कम्पनीहरुको कारण अर्को वर्ष लाभांश वाड्न नसक्ने अवस्था आउने होकी भने आशंका सर्वसाधारणमा रहेको छ । संचालक समिति तथा व्यवस्थापनले यसमा ध्यान दिनु पर्छ । अरुको तुलनामा सिभिलको नामसारी प्रकृया ढिलो भएको गुनासो छ । बैंकले र RTS ले सुझावको कार्यान्वयन गरोस् । सिभिल क्यपिटलमा सधै जस्तो भिड हुन्छ त्यसैले Dividend वितरण गर्ने समयमा कुन प्रक्रियाबाट सजिलोसँग सर्वसाधारण लगानीकर्तालाई लाभांश वितरण गर्न सकिन्छ त्यस तर्फ विचारगरी सजिलो गरीदिनु पऱ्यो । ५ प्रतिशत लाभाश दिने बैंकले पैसठी प्रतिशत लाभाश दिने बैंक सँग Competition गरी संचालकहरुले भत्ता लिन तथा कर्मचारीले तलब लिन नमिल्ने तर्फ अध्यक्षको ध्यानाकर्षण हुनु पर्ने । पब्लिकबाट चुनिएर जानेले सुविधा मात्र विचार नगरी सर्वसाधरणहरुको लगानी तर्फ पनि ध्यान दिदै अध्यक्षलाई कोट्याउने काम नगरेर खबरदारी गर्ने र पुच्छर निमठ्ने काम गर्दै सर्वसाधारणको आवाज संचालक समितीमा पुऱ्याउने तथा बैंकको प्रगति तर्फ विचार गर्ने संचालकहरु सर्वसाधारण तर्फबाट जानुपर्ने तथा उहाँलाई अग्रिम शुभकामना ।

**(छ) माधव कुमार श्रेष्ठ :**

बैंकको भविष्य के छ भनेर अध्ययन गर्दा खेरी देश कै Ecomomy र Political Development मा भर पर्छ र अन्तराष्ट्रिय दृष्टिबाट हेर्दा पनि नेपाल Global competitive index ११७ position मा पर्छ । यसलाई नेपालले सुधार गर्दै लानु पर्छ । Corruption perception index अध्ययन गर्दा ३१ नम्बरमा छ । जसको मतलब ५० नम्बरसम्म Most Corrupted Country मा पर्दो रहेछ । यसमा देशले Improve गर्दै जानुपर्छ । बैंकको Growth Paln पनि अन्तराष्ट्रिय तथा राष्ट्रिय परिस्थितिमा भर पर्छ । Internal Role of Bank or Corporate Governance of Bank मा Perfect Management , Dyanamic Doard of Director, Internal Audit तथा External Audit को महत्वपूर्ण भुमिका हुन्छ । External Auditor पनि Professional Indemnity Policy लिएको लाई मात्र नियुक्ति गर्नु पर्छ जसले गर्दा Negligence बाट परेको Impact मा असुल उपर गर्न सकिन्छ । शेयरधनीहरुमा पनि क्ष्mpact नराम्रो पर्दैन । Merger and Acquisition मा Financial Performance भन्दा पनि Human Aspect हेर्नु पर्छ नत्र यो Fail हुनसक्छ ।

**(ज) अच्युत राज शर्मा :**

सर्वप्रथमत पहिलो वर्षमै ५.७५ प्रतिशतको लाभांश वितरणको लागि धन्यवाद् । CEO ले जुन बैंकको बारेमा Slide प्रोजेक्टरवाट देखाएर सर्वसाधरणहरुको जिज्ञासाहरुलाई प्रष्ट पार्ने नयाँ कार्यको थालनी गर्नु भयो वहाँलाई धन्यवाद् । CEO आफुले वुझ्नु हुने मासिक १२ लाख तलबको गह्रुँगो भारी वोकेको अनुभव गरी लगानी कर्तालाई कम से कम Double Digit को Return दिनको लागि के गर्न सकिन्छ, छुट्टै Product के कसरी ल्याउन सकिन्छ, त्यस तर्फ ध्यान दिनु पर्छ र त्यसलाई शसक्त रुपमा अगाडी बढाउन अनुरोध गर्न चाहान्छु । बैंकको तीन वर्षको गतिविधिहरु समग्रमा संतोषजनक छ । म सशंकित भएको कुरा के हो भने वैकको NPL वढेको रहेछ । १ प्रतिशतवाट १.५ प्रतिशत हुनु भनेको ५० प्रतिशत बढ्नु हो । यस हिसावबाट NPL बढ्नु भनेको चिन्ताको विषय हो । यसमा CEO, SEO गम्भीर भएर सचेत हुन अनुरोध गर्दछु । प्रतिवेदनमा Sustainable (दिगो) भने शब्द पाएकोमा खुशी लाग्यो र यो किताबमा मात्र सिमित नभएर व्यवहारमा पनि लागु होस र बैंक दिगो रुपमा अगाडि बड्न सकोस् । आगामी वर्षमा कम्तिमा पनि Double Digit को लाभांश बाड्ने Strategy सँग अगाडि बढ्न अनुरोध गर्न चाहन्छु । Load Shedding को Problem बढि रहेको बेलामा ३१ वटा बैंकहरु मिलेर Hydro Power मा लगानी गर्दा कस्तो होला ? शेयरहोल्डरको नाताले टाउको झुकाएर हिड्न नपरोस् । सधै गर्व साथ यस बैकको शेयरहोल्डर भन्न पाऊँ । आगामी दिनहरुमा लगानीको उचित प्रतिफलको लागि CEO लाई ध्यानकर्षण ।

**(झ) नरसिंह लाल चखूँ :**

सर्वप्रथमतः लाभांशको लागि धन्यवाद् । Earning Quality लाई बढाएर अर्को वर्ष लाभाश ratio लाई बढाउन अनुरोध गर्न चाहान्छु । समग्रमा वासलात हेर्दा पोजिटिभ छ । समकालिन बैकहरुको Competition मा पनि यो बैंक राम्रो छ, यो Management को सक्षमताको कुरा हो । Basel III र Return लाई पनि ध्यान दिएको पाए । आगामी वर्ष Earning Quality वढाउन पर्‍यो । Operational Risk लाई ध्यान दिनु पर्‍यो । Forex Management मा राम्रो स्थान हासिल गर्न सकेका छौ र यसलाई आगामी वर्ष पनि निरन्तरता दिइयोस् । Investment Portfolio Management लाई ध्यान दिएको रहेछ भने कुरा स्पष्ट हुन्छ । Foreign exchange mangament मा ध्यान दिनु पर्ने कुरा भनेको price risk हो यसमा सजक भएको पाएको छु । Political risk / operationl risk मा हामी सजग हुनु पर्छ । व्यवस्थापकीय सुशासन र वित्तीय सुशासनलाई पनि ध्यान दिएको पाएँ । Micro Financing मा लगानीको प्रतिबद्धता जाहेर गुर्न भएको स्वागत योग्य छ । Capital Conversation Buffer र Leverage Ratio मा ध्यान दिएर आगामी सालको लागि अगाडि बढ्नु पर्ने पाएको छु । ICAAP ध्यान दिएको पाइयो र यसलाई निरन्तता दिनु पर्छ । Management Information and System ले राम्रो काम गरेको छ । यस बैंकको हरेक क्रियाकलापमा SWOT Analysis गरेर अगाडि बढेको छ त्यो राम्रो हो । शुसासन कायम गरेर अगाडि बढ्नु हुन अनुरोध छ ।

**(ञ) शिव प्रशाद शर्मा :**

सिभिल बैंकले नेतृत्व गरेर विदेशी लगानी भित्राउन सकियो भने लगानी भन्दा पनि Consultancy आउछ भन्ने मेरो धारणा छ । चालु त्रैमासिक अवधिमा ७ अर्ब भन्दा वढी निक्षेप गर्नु भएको छ कर्जा पनि बढी छ तर नाफा कति छ भन्ने उल्लेख भएको छैन । सिभिल बैंकको नाममा एउटा धार्मिक स्थलमा निक्षेप संकलन केन्द्र राखियो भने धर्मको नाममा निक्षेप पनि बढ्छ अनि छोटो समयको लागि कर्जा पनि प्रवाह गर्न सकिन्छ भन्ने मेरो धारणा छ । खर्च Control गर्नु पर्छ नाफा कमाउनु पर्छ । त्यो घटाउन पर्‍यो । अर्कोवर्ष घटिमा पनि १० प्रतिशत लाभांशको आशा राखेका छौ । मैले संचालकमा सुसाशन देखेको छु । निजी स्वार्थको कारण धेरै राम्रा बैंकहरुको हालत खतम भएको छ त्यसमा मध्यनजर गर्दै अगाडि बढ्नु होस् । मर्जर पार्टनरहरुको बारेमा कुर्सीको र प्रोमोटर तथा पव्लिकको समस्यालाई मिलाएर लैजान सक्नु पर्छ त्यो चुनौतीपूर्ण छ भन्दै अन्त्यमा प्रगतीको कामना । जुन प्रकारले अहिले लाभांश दिनु भएको छ, त्यसलाई Retain Earning मा राख्नु भएको भए पनि हुन्थ्यो जस्तो लागेको छ तर जे भए पनि Public / Promoter सवैलाई साथै लिएर जानु पर्छ ।

**(ट) ईश्वर दाश कर्माचार्य :**

तिन वर्षको दौरानमा नै शेयर होल्डरहरुलाई उपहार स्वरुप ५.७५ प्रतिशत लाभांश दिएर हामी साना शेयर होल्डरहरुको हात खालि गर्नु भएन तर एक दुई करोड लगानी भएको शेयरहोल्डरहरुको लागि यो खुशीको विषय हो । यसलाई कसरी Maintain गर्ने र Consistency दिने भन्ने विषय संचालक समितीको काम हो । पेज नं १४ को कर्जा तथा कर्जा व्यवस्थापनमा उपयुक्त परियोजनाको अभावमा कर्जा प्रवाह गर्न नसकिएको भन्ने विषयमा मेरो मतभिन्नता छ । किनभने यो स्थिति सिभिल बैंकले मात्र नभएर नेपालका सबै वित्तीय संस्थाहरुले झेली राखेको समस्या हो । सबै वित्तीय सँस्थाहरुलाई समस्या परे पनि आफ्नो Parameter भित्र बसेर आफ्नो Growth को उपयोग गरी राखेको छ । हाम्रो Working Fund ७ अर्ब रुपैयाको छ त्यसमा ६ अर्ब बयासी करोड Deposit को निक्षेपमा Growth छ । हामीले ७८% कर्जामा लगानी गरेका छौं । नाफा नोक्सान

तर्फ हेर्दा नाफा आम्दानी Capital Base को आधारमा २ अर्ब Capital छ र हाम्रो ब्याज आम्दानी १ अर्ब २५ करोड छ जुन हाम्रो Paid up Capital को ६२% मात्रै छ । अरु बैंक जस्तै Paid up Capital को १००% Cross हुनै पर्छ । दुई अर्ब रुपैया ब्याजमा प्राप्त गर्ने पर्छ नत्र हामी ५.७५ मा सिमित रहने छौं । Income गत वर्ष भन्दा राम्रो सुधार भएतापनि ५% भन्दा बढिले बढाउनको लागि खुद ब्याज आम्दानीको कम से कम ४०% आर्जन गर्नै पर्छ । तीन वर्षको दौरानमा हाम्रो नराम्रो कमसल र शंकास्पद कर्जा २ करोड ९८ लाख आएको छ । अर्को साल यसमा ध्यान दिनुपर्छ । Cost of Fund, Establishing Cost, Depreciation Cost आदिमा CEO ले धेरै कुरा प्रकाश पारी सक्नु भएकोछ । अर्को वर्ष Double Digit मा लाभाशं दिन सकोस् भने कामना ।

**(ठ) रोज कुमार श्रेष्ठ** :

तीन मिनेटको समय तोकेकोमा खुशी लागेको छ । IPO पछिको शुरुको वर्षमै लाभाशं दिन सफल हुनु भएकोमा धन्यवाद । अर्को वर्ष त बढि प्राप्त हुन्छ नै किनभने बैंकको कर्जाको लगानीको अनुपात हेर्दा त्यसको Return प्राप्त नै हुनेछ । वार्षिक प्रतिवेदनको पेज नं ६१ मा कार्यालय संचालन खर्च अन्तरगत अन्य खर्च शिर्षकको Break Down गर्नु उपयुक्त हुन्छ । हाम्रो CEO तथा अध्यक्ष जस्तो अनुभवी भएको सँस्थामा यस्तो देखिनु दु:ख लागेको छ ।

**(ड) मेजर कुवेर श्रेष्ठ :**

बैंक संचालन भएको भर्खर तीन वर्ष भयो राम्रो नराम्रो भन्न मिल्दैन । अध्यक्षज्युलाई निवेदन के छ भने Road Map राम्रो छ । तर यहाँ चलन के छ भने दुई चार वर्ष मात्र राम्रो चलाउने त्यस्तो नहोस् । Investment Policy हुनु पर्‍यो । संचालकहरुको Approach कसरी बैंकलाई कमाएर Sustainable गराउने भन्ने तिर जानु पर्‍यो । Civil should be for all Nepali civilian and bank should be customer friendly and shareholder friendly. अध्यक्षज्यू तथा CEO लाई हामी शेयर होल्डरले काम पर्दा कुन दिन कुन समयमा भेट्ने समय मिलाउनु पर्‍यो । मर्ज जतिवटा वित्तीय सँस्थाहरु सँग गरेपनि हुन्छ तर अहिले Axis Development Bank को land and property मा धेरै गै राखेको सुनेकोले DDA गरेर हुन्छ कि सबै छानबिन गर्नु पर्‍यो । त्यसैले Axis को के अवस्था छ लालपुर्जा हेर्नु पर्‍यो पछि नक्कली पर्ला । शेयरहोल्डर, कर्मचारीहरुलाई बैंकको उन्नतिको लागि केन्द्र विन्दु बनाएर हिडनुस् Then we will always cooperate । ५ वर्षको रोडम्याप वनाउनुहोस, यसमा कुनै निश्चित बैंकलाई जित्ने target लिनुहोस् , CEO लाई तीन वर्ष वा पाँच वर्पको target दिनुहोस र Vision बनाउनुस् । Corporate Social Responsibilities तिर ध्यान दिनुहोस् । सिभिल छात्रवृत्ति कोष भनेर ५ वटै विकास क्षेत्रमा १० जना विधार्थीलाई छात्रवृति प्रदान गर्नुहोस । सिभिल फ्रि मेडिकल क्याम्प गिरिदिनु होस् । Fraud हरु धेरै बैंकमा भइ राखेको छ यस्तो नहोस भनेर आफ्ना कर्मचारीलाई motivation तालिम दिनुस् । यस्ता कार्यहरुबाट बच्न Security measure हुनुपर्‍यो । CEO को तलब अनुसारको return बैंकले दिन सक्नु पर्‍यो । १२/१३ प्रतिशत लाभांश शेयर होल्डरलाई नदिएसम्म CEO को १२ लाख तलबलाई कम गर्नु पर्‍यो । दौरा सुरुवाल लगाएको देखेर राम्रो लाग्यो । अन्त्यमा अर्को वर्ष १०% भन्दा कम लाभांश दिन्न भने Commitment अध्यक्ष ज्युले गर्नु पर्‍यो । आज जितेर जाने संचालक मिलेर जानुहोस् ।

**(ढ) कृष्ण प्रसाद अधिकारी :**

प्रतिवेदनमा रहेको नेपालको नक्शाा मिलेन लम्बाइ लामो भयो । चौडाइ पनि मिलेन । लघु वैकिङ्ग र शाखा रहित वैकिङ्गको योजना रहेछ त्यो राम्रो हो । यो बैंक प्रविधिमा आधारित बैंक हो भन्नु भएको छ । अत्याधुनिक प्रविधिमा जानुहोला । बैंकले दौरा सरुवाल योजना ल्याएको रहेछ म अत्याधिक खुशी भए । हप्तामा तीन दिन अनिवार्य गरि दिनुस् । IPO खोल्नु अगाडीको अन्तक्रियाको चित्र पनि रहेछ त्यो राम्रो छ तर धेरै नदिनुहोला । यो वर्ष ५.७५ % लाभांश दिनु भएको छ अर्को वर्ष दुइ अंकको दिनुहोस् । हुने बिरुवाको चिल्लो पात भने झै यसले अहिले अलिकति दिइ सकेको छ त्यो राम्रो छ । यो सिभिल बैंकले दिन दुइ गुणा रात चौ गुणा प्रगति गर्न सकोस्, शुभकामना ।

**(ण) नारायण सुन्दर श्रेष्ठ :**

साधारण सभामा मन्तव्य राख्दा विचार गरेर बोल्नु पर्दछ । हाजिर गर्ने समय ९ बजे भनेको छ । सभा सञ्चालन हुँदासम्म हामीले हाजीर गरी मतदान गर्न पाउनु पर्छ । प्रोक्सीमा कम्पनीको र कम्पनी सचिवको सही छाप अनिवार्य चाहिने तर घरमा वार्षिक प्रतिवेदन नपुर्‍याउने त्यो कसरी हुन्छ । खल्तीबाट CA ल्याउने काम नगरौ । CA Independent हुनुपर्छ । दुई जना अडिटरको जरुरत नै छैन । प्रगति विस्तारै हुन्छ एकै चोटि तीन चार वर्ष मै हुन सक्दैन । Branch हरु Buy गरेर जाँदा पनि Merger मा जाँदा जस्तो समस्या आउन सक्छ । बैंकले आफनो कामलाई निरन्तरता दिनु पर्छ अरु Sector Hydro Power तिर लाग्ने होइन । मर्जर भनेको नराम्रो कम्पनीले गर्ने हो, मर्जमा जाने भनेको विग्रकोले हो यो कुरा वुझ्नु पर्छ । शेयर होल्डरहरु सभामा जुन बेला पनि उपस्थित हुन पाउनु पर्छ । त्यो अधिकारलाई बञ्चित गर्नु हुदैन । ७२ घण्टा अगाडि प्रोक्सी दर्ता गरेर ७२ घण्टा अगाडी कसरी रद्द गर्ने । कम्तिमा ८ घण्टा समय हुनु पर्छ । वासलात नै नपुगेको बेलामा कम्पनी सचिवको हस्ताक्षर भएको फारम कहाँबाट लिएर आउने । ७ दिन अगाडी प्रस्ताव पेश गर्नु पर्ने बाध्यता छैन । सभा शुरु भएको ठाँउमा नै ल्याएर प्रस्ताव पारित गर्न सकिन्छ । पहिलो वर्षमा नै Dividend चखाएकोमा धन्यवाद् । तर यो कम भयो । Profit and Loss मा सम्पत्ति बिक्रिमा loss भएको छ । सामानको cost कति हो ? कति मा बिक्रि भएको हो ? परल मुल्य कति भएको हो ? स्पष्ट हुनु पर्‍यो । Net profit धेरै low भयो । यसलाई improve गर्नु पर्छ । Expenditure Maximum High भयो ।

**१२. बैंकको तर्फबाट प्रस्तुत भएको जवाफ :-**

छलफलको क्रममा शेयरधनी महानुभावहरूले प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरू प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री ई. इच्छा राज तामाङ्गज्यूले आभार प्रकट गर्नुभयो । बैंकलाई निरन्तर रुपमा अघि बढाउन उँहाले

सञ्चालक समितिको तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो । बैंकले आगामी वर्षमा अपेक्षित प्रगति गर्ने तर्फ उन्मुख भएको विश्वास दिलाउनु हुँदै अध्यक्षज्यू स्वयंले तथा उहाँको अनुमतिमा प्रमुख कार्यकारी अधिकृतले दिनुभएको जवाफ सारांशको रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

- लेखापरीक्षण खर्च अन्य बैंक तथा वित्तीय संस्थाको भन्दा बढी छैन । यस अन्तरगत कर, कम्पनी ऐन, २०६३ को दफा ७८ को प्रतिवेदन प्रमाणित लगायका सम्पूर्ण खर्चहरु समावेश भएकोले त्यस्तो देखिएको मात्र हो । बैंकको शाखा विस्तार हुँदै गएको परिप्रेच्छमा लेखापरीक्षण खर्च मनासिव नै छ ।
- मर्जरको क्रममा कर्मचारीहरुमा Cultural Differences आउन सक्छ भन्ने सरोकारलाई हामीले मनन गरेका छौं । सकेसम्म मिलाएर लाने हाम्रो प्रयास रहनेछ ।
- आगामी वर्षमा शेयरधनीहरुको आकांक्षा अनुरुप सकभर Double Digit मा नै लाभांश प्रदान गर्न प्रयासरत रहने छौं ।
- बैंक संस्थापना पूर्व देखि नै प्रयोगमा ल्याइएको फर्निचरहरु काम नलाग्ने गरी बिग्रिएको हुँदा त्यसलाई विक्री गरिएको हो ।
- मर्जरको क्रममा मर्ज भएर आउने बैंक तथा वित्तीय संस्थाहरुको Share Swap Ratio कति हुने भन्ने DDA को प्रतिवेदन प्राप्त भएपछि मर्जर समितिले निर्धारण गर्ने कुरा हो ।
- सुझावहरु धेरै छन् सबैलाई एकै वर्षमा पुरा पनि गर्न सकिदैन । बैंक सबैको हो ।
- CEO को करार Extend गर्दा ५ वर्षको strategy बनाएर उहाँलाई कार्यभार दिइएको छ ।
- Good Governance मा अध्यक्षले बैंकमा धेरै उपस्थिति हुनु राम्रो मानिदैन । संचालक समितिको अध्यक्षले सकभर प्रत्येक बिहिबार २ बजे पछि शेयरधनीहरु तथा सम्बद्ध सरोकारवालाहरुलाई भेट गर्ने गरी समय मिलाईएको छ ।
- शेयरधनीहरुले आज व्यक्त गर्नु भएका सुझावहरुलाई विस्तारै कार्यान्वयन गरिनेछ । आफ्ना सुझवहरुलाई बैंकमा लिखित रुपमा वा मौखिक रुपमा पनि दिन सक्नु हुनेछ ।

**१३. सभाको निर्णय :-**

आजको सभामा शेयरधनी महानुभावहरुले दिनुभएका अमुल्य सुझाव, सल्लाहलाई बैंकले उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमश: पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

**(क) साधारण प्रस्तावहरुः**

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन २०६९/०७० पारित गर्ने ।

**निर्णय :** आजको साधारण सभामा साधारण प्रस्ताव नं. १ अन्तरगत आ. व. २०६९/७० को संचालक समितिको प्रतिवेदनलाई पारित गरिदिन सभामा सभापतिज्यूले प्रस्तुत गर्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७० आषाढ मसान्तसम्मको वासलात, मिति २०६९ /०४/०१ देखि २०७०/०३ /३१ गते सम्मको नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।

**निर्णय :** आजको साधारण सभामा साधारण प्रस्ताव नं. २ अन्तरगत आर्थिक वर्ष २०६९/७० को लेखापरीक्षण गरी पेश गरेको लेखापरीक्षण प्रतिवेदन सहित २०७० आषाढ मसान्तसम्मको वासलात, मिति २०६९ /०४/०१ देखि २०७०/०३ /३१ गते सम्मको नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पुंजीको ५.७५ प्रतिशतले हुन आउने रु. ११,५०,००,०००/- शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

**निर्णय :** आजको साधारण सभामा साधारण प्रस्ताव नं. ३ अन्तरगत बैंकको संचित मुनाफा मध्येबाट चुक्ता पूँजीको ५.७५% (कर सहित) का दरले हुन आउने रु. ११,५०,००,०००/- (अक्षरेपी एघार करोड पचास लाख) शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. कम्पनी ऐन, २०६३ दफा १११ अनुसार आर्थिक वर्ष २०७०/०७१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**निर्णय** : आजको साधारण सभामा साधारण प्रस्ताव नं. ४ अन्तरगत आर्थिक वर्ष २०७०/०७१ को वार्षिक हिसाव किताबको लेखापरीक्षण गर्ने कार्यको लागि लेखापरीक्षण समितिको सिफारिश अनुसार GP Rajbahak & Co. लाई बैंकको बाह्य लेखापरीक्षण, आयकर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणिकरण समेतको लागि एकमुष्ठ रु. ३,२५,०००/- र उपत्यका वाहिरको शाखा कार्यालयहरुको भ्रमण गर्नु पर्दा विल अनुसारको यातायात, होटल खर्च भुक्तानी गर्ने गरी निज लेखापरीक्षकको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धी प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

५. बैंकको नियमावली अनुसार सर्वसाधारण शेयरधनी समुह “ख” को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद संख्या ३ (तीन) को निर्वाचन गर्ने ।

**निर्णय** : आजको साधारण सभामा साधारण प्रस्ताव नं. ५ अन्तरगत सर्वसाधारण शेयरधनीहरुको समुह “ख” को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद संख्या ३ (तीन) को निर्वाचन गर्ने सम्बन्धमा निर्वाचन अधिकृतद्वारा प्रकाशित निर्वाचन कार्यक्रम अनुसार देहाय बमोजिमका संचालकहरु निर्वाचित भएको कुरा निर्वाचन अधिकृत श्री डिल्लीराम मैनालीले सभामा घोषणा गर्नु भयो ।

**१. श्री घनेन्द्रबहादुर श्रेष्ठ**
**२. श्री मित्रलाल श्रेष्ठ**
**३. श्री संगम के.सी.**

साथै उक्त निर्वाचनको परिणामलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**(ख) विशेष प्रस्ताव :**

१. बैंकमा अर्को बैंक तथा वित्तीय संस्था गाभ्ने वा बैंकलाई अर्को बैंक तथा वित्तीय संस्थासंग गाभ्ने वा विदेशी बैंक तथा वित्तीय संस्थासंग संयुक्त लगानी (Joint Venture) गरी बैंक संचालन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णय** : आजको साधारण सभामा विशेष प्रस्ताव अन्तरगत यस सिभिल बैंक लिमिटेड संचालनमा आएको केही वर्ष मात्र भए तापनि वर्तमान समयमा बैंक तथा वित्तीय संस्थाहरु एक अर्कामा गाभ्ने गाभिने कुरालाई नीतिगत प्रोत्साहन प्रदान गरिएको तथा गाभ्ने गाभिने कार्यले समग्र बैंकको व्यवसायिक क्षमता पनि सुदृढ हुने भएको र अन्य ख्यातिप्राप्त विदेशी बैंक तथा वित्तीय संस्थाहरुसंग संयुक्त लगानी गरी अगाडी बढ्ने उपयुक्त अवसर प्राप्त भएमा सो समेत बैंकका शेयरधनी, निक्षेपकर्ता, ग्राहक तथा कर्मचारी सवैको लागि फलदायि हुने हुँदा यस सिभिल बैंक लिमिटेडमा अर्को बैंक तथा वित्तीय संस्था गाभ्ने वा बैंकलाई अर्को बैंक तथा वित्तीय संस्थासंग गाभ्ने वा विदेशी बैंक तथा वित्तीय संस्थासंग संयुक्त लगानी (Joint Venture) गरी बैंक संचालन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**(ग) विविध :**

सभाको निर्धारित विषयसूचीहरु समाप्त भई विविध अन्तर्गत कुनै विषयसूची नभएकाले यस सम्बन्धमा छलफल तथा निर्णय भएन ।

**१४. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-**

अन्त्यमा, सभापतिज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस तेश्रो बार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, सल्लाहकार तथा बैंकका संचालकहरू र कर्मचारीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्नुभयो र नवनिर्वाचित संचालकज्यूहरुलाई बधाई व्यक्त गर्दै सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

....................
डिल्लीराम श्रेष्ठ
**कम्पनी सचिव**

...............................
ई. इच्छा राज तामाङ्ग
**अध्यक्ष**